नेपाल सरकार

राष्टिय परीक्षा बोर्ड

**परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०**

सानोठिमी, भक्तपुर

पत्र संख्याः २०७९/८०
च.नं. :

मितिः२०७९/१२/१६

<u>माध्यमिक शिक्षा परीक्षा (एसइइ) कक्षा १० सम्बन्धमा जारी अपिल !</u>

२०७९ साल चैत्र १७ गते शुक्रबारदेखि शुरु हुने २०७९ सालको माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा सामुदायिक र संस्थागत गरी जम्मा १२०८३ ओटा विद्यालयहरुबाट जम्मा ४,८५,३९६ (छात्रा - २,४२,७१२ र छात्र - २,४२,६७४) परीक्षार्थीहरुले २०३७ परीक्षा केन्द्रबाट परीक्षामा सहभागी हुँनेछन् । कुल परीक्षार्थीहरुमध्ये प्राविधिक धार समेत सञ्चालन भएका ५०५ विद्यालयका १५,४६१ जना परीक्षार्थीहरु समेत उक्त परीक्षामा सहभागी हुनेछन् । परीक्षामा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहायक/सहयोगी कर्मचारी र सुरक्षाकर्मी समेत गरी जम्मा ७७,९९२ जना जनशक्ति प्रत्यक्ष रुपमा परीक्षा केन्द्रमा खटिनेछन् ।

माध्यमिक शिक्षा परीक्षालाई व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न सातओटै प्रदेशका प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको समन्वयमा ७७ ओटै जिल्ला परीक्षा समन्वय समितिहरुबाट परीक्षामा खटिने केन्द्राध्यक्ष लगायतका जनशक्तिलाई अभिमूखीकरण गर्ने कार्य सम्पन्न गरी प्रश्नपत्र, उत्तरपुस्तिका लगायत परीक्षासँग सम्बन्धित सामग्रीहरु नजिकैको सुरक्षा निकाय र परीक्षा केन्द्रमा पुऱ्याउने जस्ता तयारी सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न भइसकेको छ ।

राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालन हुने उक्त परीक्षालाई स्वच्छ, व्यवस्थित, मर्यादित, भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न गराउन परीक्षासँग प्रत्यक्ष र परोक्ष रुपमा संलग्न सबै सरोकारवालाहरुबाट भएको समन्वयात्मक प्रयासहरुप्रति हार्दिक आभार व्यक्त गर्दै परीक्षा सम्पन्न नहुँदा सम्म आवश्यक सहयोग र समन्वयका लागि हार्दिक आव्हान गरिन्छ । साथै सम्पूर्ण परीक्षार्थीहरुलाई बिना डरत्रास उच्च मनोबल र निर्भयका साथ उक्त परीक्षामा सहभागी हुन हार्दिक अपिल गर्दछु ।

२०७९/१२/१६

बिष्णुनारायण श्रेष्ठ
का.मु. नियन्त्रक